**निर्णय नं. १**

नगरपालिकाको भवन निर्माणका लागी नगर प्रमुख ज्यूको संयोजकत्वमा गठित समितिमा गो.न.पा. वा.नं. ४ र १२ बाट प्राप्त विभिन्न कित्ता नं.हरुका जग्गाको स्पष्ट नापनक्सा खुल्ने ट्रेस नक्सा, लालपूर्जाको प्रतिलिपी र मालपोत तिरेको रसिद लगायतका आवश्यक कागजातहरु जग्गा खरिदका लागी पेश हुन आएकोले गोदावरी नगरपालिका वा.नं. १ स्थित साविक दिब्य रोजिन एण्ड टर्पेन्टाइनको घाटगद्धी रहेको जग्गा सट्टापट्टाका लागी जिल्ला वन कार्यालय, कैलालीलाई अनुरोध गर्ने र खरिद प्रक्रिया कानून बमोजिम अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

गोदावरी नगरपालिकामा विगत लामो सयम देखि करार सेवामा रही काम गरि रहेका तपसिल बमोजिमका कर्मचारीहरुको म्याद २०७४ साल अषाढ मसान्तमा समाप्त भएको र यस कार्यालयको मिति २०७४/६/२६ गतेको टिप्पणी तथा आदेश अनुसार कार्यालयको कार्यचाप र कार्यबोझ बढी भएका कारण कर्मचारीहरु आवश्यक भएकोले साविकको करार सम्झौताका शर्तहरुको अधिनमा रही साविकको पद/श्रेणीको शुरु स्केल बराबरको पारिश्रमिक पाउने गरि मिति २०७४ श्रावण १ गते देखि लागु हुने गरि मिति २०७५ अषाढ मसान्तसम्मका लागी म्याद थप गर्ने निर्णय गरियो । साथै उक्त दरवन्दीमा स्थायी कर्मचारी समायोजन भै आएमा तथा अर्को ब्यवस्था भएमा करार सम्झौता स्वतः रद्द हुने समेत निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | कर्मचारी नाम थर | पद | सेवाको किसिम |
|---|---|---|---|
| १ | श्री राजेन्द्र भण्डारी | सव ईन्जिनियर | करार |
| २ | " भिम बहादुर बोहरा | असिस्टेण्ड सव इन्जिनियर | करार |
| ३ | " मिन बहादुर ऐर | खरिदार | करार |
| ४ | " रामचन्द राना | खरिदार | करार |
| ५ | " तिर्थ राज चौधरी | हेभी सवारी चालक | करार |
| ६ | " बासुदेव भट्ट | हलुका सवारी चालक | करार |
| ७ | " प्रकाश बहादुर कामी | स्थानीय सहजकर्ता | अस्थायी |
| ८ | " पर्मानन्द भट्ट | कार्यालय सहयोगी | करार |
| ९ | " ईन्द्रा भट्ट | कार्यालय सहयोगी | करार |
| १० | " लोक राज भट्टराई | कार्यालय सहयोगी | करार |
| ११ | " कुमार सिंह कुन्जेडा | कार्यालय सहयोगी | करार |
| १२ | " सुवादा देवी राना | कार्यालय सहयोगी | करार |

**निर्णय नं. ३**

यस नगरपालिकाको स्वामित्वमा रहेको JCB र टिप्परलाई वडा समितिबाट छनौट भई प्रथम नगर सभाले पारित गरेका योजनाहरु छिटो छरितो रुपमा संचालन गर्न JCB को प्रयोग आवश्यक भएमा भाडा वापत प्रति घण्टा रु. १,६००।- (एक हजार छ सय) इन्धन सहित भाडा तोक्ने र टिप्परको हकमा भने प्रति ट्रिप इन्धन सहित १,०००।- (एक हजार) भाडा तोक्ने निर्णय गरियो । साथै JCB

चालकलाई फिल्डमा काम गरेको दिनको मात्र रु. २००।- (दुई सय) खाज वापत उपलब्ध गराउने समेत निर्णय गरियो ।

**निर्णय नं. ४**

नगरपालिकाबाट संचालन हुने पूर्वाधार तर्फका योजनाहरुको लागी आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवाको रोयल्टी वापतको रकम जिल्ला समन्वय समिति र ठेकेदार कम्पनी दिक्षा निर्माण सेवासँग भएको सम्झौताको अधिनमा रही दिक्षा निर्माण सेवासँग सम्झौता गरि एकमुष्ट रोयल्टी भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । साथै ढुङ्गा, गिट्टी, बालुवा ठेकेदार कम्पनीको JCB बाट लोड गर्दा टिपरका लागी प्रती ट्रिप रु.३००।- र ट्याक्टरका लागी प्रती ट्रिप रु.१००।- भाडा दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

गोदावरी नगरपालिका र निजी तथा आवासिय विद्यालय अर्गनाईजेशन (प्याब्सन) को संयुक्त आयोजनामा मुख्य प्रायोजक गोदावरी नगरपालिका रहने गरि संचालन हुने भेट्रान मेयर कप फुटबल प्रतियोगिता, २०७४ लाई सब्य र भब्य रुपमा सफल पार्न रु. १,३०,०००।- (एक लाख तीस हजार) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

धनगढी उ.म.न.पा. उद्योग विकास शाखा, धनगढी कैलालीले तपसिल बमोजिम पेश गरेको रु. ३,६०,०००।- बराबरको चालु आ.व. ०७४/७५ को कार्यक्रमलाई स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र. सं. | स्थानीय तहको नाम | उद्यमशिलता सम्बन्धी तालिम | | | | उद्यमीसृजना तथा रोजगार कार्यक्रम | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गोदावरी न.पा. | संख्या | बजेट | संख्या | बजेट | संख्या | बजेट | संख्या | बजेट |
| | | १० | ६०,०००।- | १० | २,००,०००।- | १० | १,००,०००।- | ३० | ३,६०,०००।- |

**निर्णय नं. ७**

यस नगरपालिकाका नगर प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष लगायत कार्यपालिकाका सदस्यज्यूहरुको कार्यब्यवस्ता र कामको चापलाई मध्येनजर गर्दै संचार सुविधा वापत नगर प्रमुख र उप-प्रमुखको हकमा १/१ थान मोवाईल सेट सहित पोष्टपेड सिम उपलब्ध गराउने र सोको ब्यवस्थापन कार्यालयले गर्ने । साथै वडा अध्यक्षज्यूहरु र कार्यपालिकाका सदस्यज्यूहरुको हकमा संचार सुविधा वापत रु. १,५००।- (एक हजार पाँच सय) र यातायात सुविधा वापत रु. ३,५००।- (तीन हजार पाँच सय) रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

वडा समिति मार्फत प्रथम नगरसभाबाट गोदावरी नगरपालिका वा.नं. १२ कोल्मुडा स्थित बडीकुलो सिंचाई आयोजनाको सिंचाई कुलो निर्माणका लागी वडा नं. १२ बाट रु. ३,००,०००।- रकम विनियोजन भएकोमा प्राविधिक हिसाबले उक्त रकमबाट योजना संचालन नहुने भएको हुँदा प्रथम नगरसभाबाट स्वीकृत अनुसूची ३ को २.१ भौतिक पूर्वाधार विकास योजनाको ११ नं. बुँदाको विभिन्न वडामा नयाँ तथा पुराना सिंचाई योजना शिर्षक अन्तर्गतको रु. ५०,००,०००।- रकम बाट नपुग थप

रकम रु. ६,५०,०००।- विनियोजन गर्ने निर्णय गरियो । साथै उक्त योजनाका लागी अझ रकम अपुग भएमा सो रकम उपभोक्ता समितिले ब्यहोर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रथम नगरसभाबाट स्वीकृत ८० वर्ष नाघेका जेष्ठ नागरिक प्रोत्साहन भत्ता कार्यक्रम अन्तर्गत रु. ३,००,०००।- रकम विनियोजन गरिएकोमा कार्यपालिकाको बैठकबाट प्रति ब्यक्ति प्रति वर्ष रु. १,०००।- दरले भत्ता दिने निर्णय भए मुताविक यस नगरपालिका भित्र ६०० को हाराहारिमा ८० वर्ष नाघेका जेष्ठ नागरिक भएको हुँदा उक्त रकम अपुग हुने भएकोले रु. ६,००,०००।- रकम विनियोजन गरि कार्यक्रम संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

गोदावरी नगरपालिका वा.नं. १ भरतपुर मन्दिर र बस्ती जाने बाटोमा खाल्टाखुल्टी भरी, सम्याई ग्राभेल गर्ने कामका लागी रु. १,००,०००।- (एक लाख) रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

विगत लामो समय देखि खरिदार स्तरको सामाजिक परिचालक पदमा रही यस नगरपालिकाका विभिन्न शाखामा अस्थायी रुपमा कामकाज गरी कार्यालयको विभिन्न क्षेत्रको कार्यअनुभव बटुलेका र साविकको गा.वि.स./न.पा.बाट समेत उत्कृष्ट काम गरेको भनी विभिन्न समयमा प्रशंसा पत्र र तालिम समेत प्राप्त गरेका श्री टिकाराम पालीको शैक्षिक योग्याता र कम्प्यूटर समेत ज्ञान र प्रमाणपत्र समेत भएका कारणले प्रथम नगरसभाबाट स्वीकृत सहायक कम्प्यूटर अप्रेटर (सहायक स्तर चौथो तह) पदमा मिति २०७४/७/१ गते देखि लागु हुने गरि समायोजन गरि २ नं. वडा कार्यालयमा कामकाज गर्ने गरि पठाउने निर्णय गरियो ।